# इभ्याक्यूएशन (ठाउँ खाली गर्ने)
# तथा
# आपातकालीन आश्रयका बारेमा दस प्राय सोधिएका प्रश्नहरू

## Anchorage आपातकालीन व्यवस्थापन कार्यालय

**मुख्य : (907) 343-1400**

**आपातकालीन अवस्था लाइन : (907) 343-4701 www.muni.org/oem**

***1. Anchorage क्षेत्रमा इभ्याक्यूएशन वा आपातकालीन आश्रयको आवश्यकता पर्न सक्ने मुख्य कुन कुन खतराहरू छन्?***

• **ठूलो तीव्रताको भुकम्प** : भुकम्पहरू Anchorage को सबभन्दा गम्भीर तथा सदैव रहने खतरा हो। साउथ सेन्ट्रल अलास्कामा नियमित रूपमा ससाना भुकम्पहरू आउने गरेता पनि, यसबाट क्षति भने हुँदैन वा कमै मात्र हुन्छ। यद्यपि, सन् 1964 को जस्तै तीव्र भुकम्पले प्रमुख पूर्वाधार तथा भवनहरू क्षति पनि गर्न सक्छ जसको कारण उल्लेख्य मात्रामा स्थानीय मानिसहरूलाई प्रभाव पर्न सक्छ।




https://www.ready.gov/earthquakes




• **डँडेलो** : यु.एस्. कृषि वन सेवा विभागद्वारा Anchorage लाई डँडेलोको जोखिममा रहेको समुदाय भनेर घोषणा गरिएको छ। जोखिमको कारणहरूमा आगोको उच्चतम खतरा भएको अवस्थामा सजिलै जल्न सक्ने कडा काठका रुखहरू तथा कोणधारी रुखहरू भएको मिश्रित वनहरू पर्दछन्। यसै गरि, मौसमी डँडेलोहरू प्रति सम्बेदनशील समग्र वन क्षेत्रहरूमा आवासिय तथा ग्रामिण टोल वस्तिहरू पनि बसेका छन्।
https://www.ready.gov/wildfires

• **गम्भीर मौसम** : साउथ सेन्ट्रल अलास्काको गम्भीर मौसमद्वारा वज्रपात, हुरी बतास वा हावा हुन्डरी समेत तुफान, ठूलो असिना, तथा बाढ वा भल आउने लगायतका खतरनाक अवस्थाहरू उत्पन्न हुन सक्छ। यस अतिरिक्त, अत्याधिक जाडो मौसमका साथै भारी हिमपात, जमेको वर्षा वा असिना, तथा अत्याधिक कम तापमानको स्थिति पनि उत्पन्न हुन सक्छ।



• **ऊर्जा सुविधा (बिजुली, ग्यास आदि) मा बाधाहरू** : प्राकृतिक ग्यास प्राप्तिमा अस्थायी बाधा तथा बिजुली नभएको कारणले पनि विस्थापित बासिन्दाहरूका लागि आपातकालीन आश्रयहरूको व्यवस्था गर्नु पर्ने स्थिति उत्पन्न हुन सक्छ। उक्त प्रकारका अवस्थाहरू प्राय सीमित रहने गर्दछ तर चारैतिर फैलिन पनि सक्छ।

| | | |
|---|---|---|
| **छुगाक इलेक्ट्रिक** | 907-762-7888 | http://www.chugachelectric.com/ |
| **ML&P – म्यूनिसिपल पावर एण्ड लाईट** | 907-279-7671 | https://www.mlandp.com/ |
| **MEA – मातानुस्का इलेक्ट्रिक एसोसिएशन** | 907-696-7697 | http://www.mea.coop/ |
| **एनस्टार** | 907-334-7788 | https://www.enstarnaturalgas.com/ |

***2. मेरो क्षेत्रमा खतरनाक अवस्थाहरूबारे मैले कसरी ताजा जानकारी पाइ रहनु?***

• तपाईं बस्ने क्षेत्रमा प्रभाव पार्न सक्ने सम्भावित खतराहरूबारे जानकारीका लागि स्थानीय प्रसारण माध्यमहरू सुन्दै गर्नुहोस्।

• जन सुरक्षा निकायहरूबाट इमेल, टेक्स्ट सन्देश, तथा अन्य सामाजिक मिडिया मार्फत सार्वजनिक सूचना तथा चेताउनीहरू प्राप्त गर्न निःशुल्क सेवा NIXLE मा दर्ता गर्नुहोस्। तपाईंको Anchorage जिप कोडलाई 888-777 मा टेक्स्ट सन्देश पठाएर तपाईंले सजिलै NIXLE का लागि दर्ता गर्न सक्नुहुन्छ। तपाईंले NIXLE.com मा लगइन गरेर पनि इमेल तथा टेक्स्ट सन्देशका लागि दर्ता गर्न सक्नुहुन्छ।

• परिस्थितिबारे वर्तमान जानकारीका लागि तथा आपातकालीन वा खतरा पूर्ण अवस्थाहरू उत्पन्न भएमा कुनैपनि विशेष निर्देशनहरूका लागि स्थानीय प्रसारण माध्यम तथा NIXLE मा निरन्तर रूपमा बुझ्ने गर्नुहोस्।

• तपाईंले 2-1-1 मा डायल पनि गर्न सक्नुहुन्छ, जहाँबाट कल मनिटरहरूमा परिस्थिति, इभ्याक्यूएशन निर्देशन, तथा आपातकालीन आश्रय स्थलहरूबारे जानकारी उपलब्ध हुनेछ।

• Anchorage आपातकालीन अवस्था लाइन 907-343-4701 बाट एउटा पूर्व-रेकर्ड गरिएको सन्देश मार्फत प्रभावित क्षेत्रका बासिन्दाहरूका लागि अद्यावधिक जानकारी तथा निर्देशनहरू प्राप्त गर्न सकिन्छ।

• आपातकालीन व्यवस्थापन कार्यालयको वेबपृष्ठ www.muni.org/oem पनि वर्तमान जानकारी तथा निर्देशनहरूको एउटा राम्रो स्रोत हो।



### *3. मैले इभ्याक्यूएट गर्नु पर्छ भनेर मलाई कसरी थाहा हुनेछ?*

• वास्तवमा नै इभ्याक्यूएशन आवश्यक भएमा जन सुरक्षा अधिकारीहरूले जति सक्दो पहिला नै सूचना दिने प्रयास गर्नेछन्। कुनै तात्कालिक खतरा (डँडेलो वा अन्य खतरा) हुँदा प्रहरी अधिकृत तथा अन्य जन सुरक्षा अधिकारीहरूले प्रभावित क्षेत्रको बासिन्दाहरूलाई सोझै सूचना दिनेछन्। उनीहरूले घर घर गएर, जन सूचना सम्बोधन प्रणाली मार्फत, वा यी दुवै मिलाएर यसो गर्न सक्छन्।

• स्थानीय प्रसारण खबर मिडिया तथा NIXLE मा बुझ्दै गर्नुहोस् – यिनीहरूले पनि इभ्याक्यूएशन सतर्कता तथा चेताउनी दिन्छन्।

### *4. इभ्याक्यूएशन मार्गबारे मलाई कसरी थाहा हुनेछ?*




• इभ्याक्यूएशन मार्गहरूबारे जन सुरक्षा अधिकारीहरूले वर्तमान तथा अपेक्षित परिस्थितिका आधारमा साथै खतरा वा खतराको प्रकृति अनुसार निर्णय गर्नेछन्। इभ्याक्यूएशनको आदेश आउनु भन्दा पहिला नै जति सक्दो सम्म चाँडो बासिन्दाहरूलाई अपेक्षित इभ्याक्यूएशन मार्गबारे जानकारी उपलब्ध गराउन हर सम्भव प्रयास गरिने छ।

• ख्याल राख्नुहोस् परिस्थिति बद्लेमा तपाईंको सुरक्षाको सुनिश्चित गर्नका लागि इभ्याक्यूएशन मार्गमा हेरफेर गर्नु पर्ने हुन सक्छ। बासिन्दाहरू निर्धारित मार्गमा रहने सुनिश्चित गर्न Anchorage प्रहरी अधिकृतहरूद्वारा ट्राफिक नियन्त्रण बिन्दुहरू स्थापित गरिने छ। तपाईंको सुरक्षाको सुनिश्चित गर्नका लागि कृपया जन सुरक्षा अधिकारीहरूको निर्देशनहरूको पालन गर्नुहोस्।

### *5. यदि मसँग यातायातको साधन छैन वा इभ्याक्यूएशनमा सहायता चाहिएमा के गर्नु?*

• आदेश दिइएको इभ्याक्यूएशनहरूमा यदि आवश्यक परेमा यातायात आवश्यकताहरूमा टेवा पुर्याउन नगरपालिकाको स्वामित्व र सञ्चालित स्रोतहरूको प्रयोग गर्न सकिने छ।

• तपाईंसँग इभ्याक्यूएट गर्नका लागि व्यक्तिगत यातायातको साधन छैन भने शुरुमा तपाईंलाई सम्पर्क गर्दा नै बासिन्दाहरूले जन सुरक्षा अधिकारीहरूलाई थाह दिनु जरुरी छ।

• विशेष व्यवस्थाहरूको आवश्यकता पर्ने व्यक्तिहरूलाई यस्तो सेवा आवश्यक भएमा प्यारा-ट्रान्जिट (विशेष यातायात सुविधा) सेवाहरू उपलब्ध गराइने छ।



### *6. मेरो पाल्तु पसुहरूका बारेमा के हुन्छ?*

• परिवारको सदस्यहरूका साथै, बासिन्दाहरूले उनीहरूको घरको पाल्तु पसु वा सेवा पसुहरूलाई पनि इभ्याक्यूएट गर्ने योजना बनाएको हुनु पर्छ। घरको पाल्तु पसुहरू भनेको सामान्यतया आवासिय पाल्तु पसुका मालिकहरूसँग हुने साना पसुहरू जस्तै कुकुर, बिरालो, वा उस्तै अन्य पसुहरू हुन्।

• घरको पाल्तु पसुहरूमा नौलो प्रकारको वा खतरनाक पसुहरू जस्तै साँप, बाँदर, गाईवस्तु वा गोठमा पालेको पसु, तथा घरमा राखेको जङ्गली पसुहरू होइनन्।

• आदेश दिइएको इभ्याक्यूएशनमा आफ्नै यातायात नभएका बासिन्दाहरूका लागि, घरको पाल्तु पसुहरू पनि उनीहरूको मालिक सँगै नगरपालिकाद्वारा उपलब्ध यातायातमा आउन सक्छन्। नगरपालिका यातायातमा चढेको बेला इभ्याक्यूएशन अवधिमा पाल्तु पसुहरू सदा मालिकको नियन्त्रणमा रहनु पर्छ।

• मालिकहरूले इभ्याक्यूएशनको बेला पाल्तु पसुका लागि कुन आपूर्तिहरू लिएर आउनु पर्छ सोबारे अतिरिक्त जानकारी Anchorage आपातकालीन व्यवस्थापन कार्यालयबाट पाउन सकिन्छ।

### *7. मेरो घोडा तथा अन्य वस्तुहरूलाई चैं के गर्नु?*



• नगरपालिकासँग आपातकालीन बेलामा वस्तुहरू वा गोठको पसुहरू इभ्याक्यूएट गर्ने वा देखभाल गर्ने कुनै स्रोत वा क्षमता छैन। आपातकालीन अवस्थामा उनीहरूको पसुहरूको सुरक्षा तथा कुशलताको सुनिश्चित गर्नु पसु मालिकहरूको जिम्मेवारी हो।

• स्थानीय गाईवस्तुका मालिकहरूलाई आपातकालीन अवस्था तथा प्रकोपको बेला एकअर्कालाई सहयोग गर्न परस्पर सहयोग सञ्जालहरूमा भाग लिन वा गठन गर्न प्रोत्साहन गरिन्छ।

• वस्तुहरूका मालिकहरूलाई खतरा पूर्ण अवस्थाहरू आउँदा उनीहरूको पसुहरूलाई चाँडै इभ्याक्यूएशन गर्ने विषयमा सोच्न प्रोत्साहन गरिन्छ।



***8. आपातकालीन आश्रयहरू कहाँ छन्?***

• जन सुरक्षा अधिकारीहरूले आपातकालीन आश्रयहरूको ठेगानाबारे सके सम्म चाँडो बासिन्दाहरूलाई सूचना दिनेछन्। आपातकालीन आश्रय गृहहरू भनेको स्कूल, कुनै नगरपालिका गृह, वा कुनै निजी स्वामित्वको वा भाडामा लिइएको गृह पनि हुन सक्छ।

• इभ्याक्यूएशन मार्गहरूमा जस्तै, आपातकालीन आश्रयहरू पनि अवस्था तथा प्रभावित क्षेत्रको निकटताका आधारमा चयन गरिन्छ। विस्थापित हुने मानिसहरूको सङ्ख्याले पनि आपातकालीन आश्रयका लागि प्रयोग गरिने गृहहरूको स्थान र प्रकारमा फरक पर्छ।

• आपातकालीन आश्रय स्थापित हुँदै गर्दा इभ्याक्यूएशन गर्ने बासिन्दाहरूलाई पहिला कुनै अस्थायी रिसेप्शन केन्द्रमा राख्न सकिन्छ।

• सामान्यतया, नगरपालिकाद्वारा स्थापित आपातकालीन आश्रयहरू रेड क्रसले व्यवस्था गर्छ। विस्थापित बासिन्दाहरूका लागि आपातकालीन आश्रयमा खानाको व्यवस्था आश्रय व्यवस्थापन कर्मचारीद्वारा गरिने छ।

• आश्रयमा के के ल्याउनु भनेर अतिरिक्त जानकारी रेड क्रस वा आपातकालीन व्यवस्थापन कार्यालयबाट पाउन सकिन्छ।

***9. के आपातकालीन आश्रयमा मेरो पाल्तु पसुहरू मसँग रहन सक्छ?***

• आपातकालीन आश्रयमा पाल्तु पसुहरूलाई अनुमति छैन। मालिकहरूले आफू आश्रयमा हुँदा उनीहरूको पाल्तु पसुहरूलाई राख्ने व्यवस्था गर्नु पर्छ वा कुनै साथीलाई यिनीहरूको देखभाल गर्न लगाउनु पर्छ।

• सेवा कुकुर तथा साना सेवा घोडाहरूलाई मात्र, अमेरिकन्स विद डिजेबलिटि एक्ट (ADA) द्वारा सीमित तथा परिभाषित भए अनुसार, आपातकालीन आश्रयमा अनुमति दिइने छ।https://www.ada.gov/service_animals_2010.htm

• उल्लेखनीय सङ्ख्यामा मानिसहरू र पाल्तु पसुहरू विस्थापित हुन गएको ठूलो इभ्याक्यूएशनहरूका लागि, नगरपालिकाले आपातकालीन पाल्तु पसु आश्रय स्थापित गर्नेछ।

• आपातकालीन पाल्तु पसु आश्रय भनेको पाल्तु पसु आवास सेवा जस्तो होइन; पाल्तु पसु मालिकहरूले आपातकालीन पाल्तु पसु आश्रय स्थलहरूमा उनीहरूको पाल्तु पसुहरूको देखभाल गर्ने अपेक्षा राख्न सकिन्छ।

• पाल्तु पसु मालिकहरूबाट के के अपेक्षा राखिन्छ भनेर अतिरिक्त जानकारी नगरपालिका पसु स्याहार तथा नियन्त्रण केन्द्रबाट पाउन सकिन्छ।

***10. मेरो घर फर्किन सुरक्षित भएको मलाई कसरी थाहा हुन्छ?***

• घर फिर्ता हुन सुरक्षित भएपछि जन सुरक्षा अधिकारीहरूले बासिन्दाहरूलाई मुख्यतः प्रसारण माध्यम, NIXLE, तथा सामाजिक मिडिया साइट मार्फत बताउने छन्।

• आपातकालीन आश्रय साइटहरूमा बासिन्दाहरूलाई घर जान सुरक्षित हुने समयका बारेमा बुझ्न सहायता गर्ने जानकारीहरू पनि दिइएको हुन्छ।

• प्रहरी, अग्नि तथा आपातकालीन व्यवस्थापन कार्यालय जस्ता विभागका वेबसाइटहरूमा पनि घर जान सुरक्षित हुने समयका बारेमा नागरिकहरूलाई ताजा जानकारी दिइ राखिन्छ।

**Anchorage प्रहरी विभाग**

फेसबूक https://www.facebook.com/APDInfo
ट्विटर https://twitter.com/APDInfo
नगरपालिका वेबसाइट http://www.muni.org/departments/police/pages/default.aspx

**Anchorage अग्नि विभाग**

फेसबूक https://www.facebook.com/pages/The-Anchorage-Fire-Department
ट्विटर https://twitter.com/afdinfo
नगरपालिका वेबसाइट http://www.muni.org/departments/fire/pages/default.aspx

**आपातकालीन व्यवस्थापन कार्यालय**

फेसबूक https://www.facebook.com/AnchorageOEM
ट्विटर https://twitter.com/Anchorage_OEM
नगरपालिका वेबसाइट http://www.muni.org/departments/oem/pages/default.aspx

## बासिन्दाहरूले एउटा किट (आवश्यक सामाग्रीहरूको झोला) बनाएर सम्पूर्ण आपातकालीन अवस्था वा प्रकोपहरूको :




□ *लागि तयार गर्नु पर्छ!*

- 7 वा धेरै दिनको आपूर्तिहरूको लागि एउटा शेल्टर-इन-प्लेस किट बनाउनुहोस् र यदि तपाईंको घर हतारमा छाड्नु पर्दा लिएर निस्कन एउटा सानो गो-किट बनाउनुहोस्!
- यसमा पानी, खानेकुरा, औषधि, लुगाफाटो, नगद, साबुन ब्रस आदि, स्वच्छताका सामाग्रीहरू, पाल्तु पसु स्याहार सामाग्रीहरू, तथा खास जरुरत (सहायक साधन, विशेष खाद्य, आदि)हरू राखेको हुनुपर्छ।




□ *योजना बनाउनो!*

- तपाईं कसरी सञ्चार गर्नु हुनेछ? तपाईं कुन कुन कदमहरू चाल्नु हुनेछ?




□ *जानकारी लिइ राख्नो!*

- Anchorage जन सुरक्षाबाट टेक्स्ट, इमेल, फेसबूक, वा ट्विटरद्वारा चेताउनी तथा सार्वजनिक सूचनाहरू पाउन Nixle मा दर्ता गर्नुहोस्। तपाईंको MOA जिप कोडलाई टेक्स्टबाट 888777 मा पठाउनुहोस् वा Nixle.com मा अनलाईन नाम लेखाउनुहोस्।
- स्थानीय खबर मिडिया सुन्नुहोस्, पढ्नुहोस्, हेर्नुहोस्, र फोलो गर्नुहोस्।

योजना तयार गर्ने, गो-किट बनाउने, तथा जानकारी प्राप्त गर्ने विषयमा अतिरिक्त जानकारी आपातकालीन व्यवस्थापन कार्यालयबाट पाउन सकिन्छ।

## डँडेलो तत्परता...

# रेडि, सेट, गो!

□ *रेडि! अग्नि-अनुकूलित तथा तयार हुनुहोस्!*

व्यक्तिगत जिम्मेवारी लिनुहोस् र डँडेलोको खतरा भन्दा धेरै पहिला नै तयार गर्नुहोस् ता कि आगो लाग्दा तपाईंको घर यसका लागि तयार रहोस्। तपाईंको घरबाट झाडीहरू टाढा हटाएर बचाउ गर्न सकिने ठाउँ बनाउनुहोस्। घरको जग्गा वा बगैंचा आदिलाई अग्नि प्रतिरोधक बनाउनुहोस् र तपाईंको घरमा अग्नि-सुरक्षित निर्माण विधिहरू अपनाएर बलियो बनाउनुहोस्। आपातकालीन आपूर्ति तथा सरसामानहरूलाई एउटा सुरक्षित स्थानमा जम्मा पार्नुहोस्। निकास मार्गहरूको योजना बनाउनुहोस् तथा घरमा बस्ने सबैजनालाई कार्य योजनाबारे थाहा छ भन्ने सुनिश्चित गर्नुहोस्।




□ *सेट! परिस्थिति जन्य चेतनाको विकास गर्नुहोस् र कायम राख्नुहोस्!*

तपाईंको आपातकालीन वस्तुहरू प्याक गर्नुहोस्। स्थानीय मिडिया, तपाईंको स्थानीय अग्नि विभाग तथा जन सुरक्षाबाट आगोबारे ताजा खबर तथा जानकारीहरू लिएर सचेत रहनुहोस्।

□ ***गो! चाँडो कदम चाल्नुहोस्!***

तपाईंको व्यक्तिगत डँडेलो कार्य योजनाको पालन गर्नुहोस्। यसो गर्नाले तपाईंको सुरक्षामा सहायता मात्र गर्ने होइन, तर अग्नि सुरक्षा कर्मीहरूलाई आगोसँग लड्दा स्रोतहरूको सदुपयोग गर्न पनि सहायता गर्नेछ।

http://www.wildlandfirersg.org/Resident